नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन
वर्ष ३ अङ्क १ २०८० भाद्र
(August-September, 2023)

# बीमा समाचार

## National Insurance Discourse

### बीमा कम्पनीहरु दीगो, सुदृढ, विश्वासयोग्य र भरपर्दो हुनुपर्छ : अर्थमन्त्री डा. महत

नेपाल बीमा प्राधिकरण र अनलाइन मिडिया 'बैङ्किङ्ग समाचार' को आयोजनामा यही २०८० साल भदौ १८ गते काठमाडौंमा राष्ट्रिय बीमा बहस (National Insurance Discourse) सम्पन्न भएको छ ।

सम्मेलनमा बीमाको पहुँच वृद्धिका लागि सरकार र स्थानीय सरकाहरुबीचको सहकार्य, निर्जीवन बीमा व्यवसायमा देखिएका चुनौती, नेपाली समाज तथा अर्थतन्त्रमा निर्जीवन बीमाको प्रभाव र बीमा कम्पनीहरुको डिजिटलाइजेशन लगायतका विषयमा छलफल एवम् अन्तरक्रिया भएको थियो ।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल राष्ट्रिय बीमा बहसलाई सम्बोधन गर्नुहुँदै ।

राष्ट्रिय बीमा बहसलाई अनलाइन माध्यमबाट सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले बीमा व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी, विश्वसनीय, दीगो र भरपर्दो सेवा दिने गरी विस्तार गर्न जरुरी रहेको बताउनुभयो ।

अर्थमन्त्री डा. महतले भन्नुभयो, "बीमा कम्पनीहरु दीगो, सुदृढ, विश्वासयोग्य र भरपर्दो हुनुपर्छ, बीमा गर्ने तर दायित्व सिर्जना भएपछि भाग्न खोज्ने हुनुहुँदैन, बीमितलाई दुःख नदिई दाबी भुक्तानी दिए बीमाप्रतिको विश्वास बढ्छ र विश्वास बढेपछि व्यवसाय पनि वृद्धि हुन्छ, यसतर्फ कम्पनीहरु गम्भीर हुनुपर्छ, कम्पनीहरु नयाँ नयाँ क्षेत्रमा अगाडि बढ्नुपर्छ, बजार विस्तार गर्नुपर्छ, त्यसमा सहयोगी भूमिका निर्वाह गर्न सरकार तयार छ ।"

बीमामा जनताको लगानीप्रति सरकार गम्भीर छ, त्यस माथि हुने खेलवाडलाई सरकारले सहँदैन भन्नुहुँदै अर्थमन्त्री डा. महतले बीमा कम्पनी स्थापना गर्ने तर



माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत राष्ट्रिय बीमा बहसलाई अनलाइन माध्यमबाट सम्बोधन गर्नुहुँदै ।

केही समयपछि मुख्य लगानीकर्ता पलायन हुने प्रचलन केही समयदेखि देखिएको प्रति नियामक निकायको ध्यानाकर्षण गर्नुभयो ।

स्वास्थ्य बीमालाई Insurance Model बाट अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै अर्थमन्त्री डा. महतले कोरोना बीमाको बाँकी दाबी भुक्तानीका सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दाबीको वास्तविक तथ्याङ्क यकीन गरी त्यसमा दुरुपयोग भएको छैन भन्ने प्रमाणित गरेपछि सम्बोधन हुने स्पष्ट गर्नुभयो । साथै, उहाँले अहिलेको आवश्यकता अनुसार राष्ट्रिय बीमा नीति आउने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले 'बीमा'

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री दिनेश कुमार लाल, निर्देशक
**सदस्यहरू**
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री प्रीति देव, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

सरकारको प्रभावकारी वित्तीय संयन्त्र पनि भएको र बीमा मार्फत सरकारको गरीबी न्यूनीकरणको लक्ष्य हासिल गर्न टेवा पुग्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले सरकारले बीमाका बारेमा बुझेर सरकारी भवन लगायतका संरचनाहरूको बीमा गरेमा अरूलाई पनि बीमा गर्न प्रोत्साहन मिल्ने बताउनुहुँदै विपत्ति कतिखेर आउँछ थाहा नहुने भएकाले जलविद्युत, भवन लगायतका संरचनाहरु निर्माणको समयमा मात्र नभई निर्माण सम्पन्न भएपछि पनि बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश कुमार हमालले बीमित र बीमकबीचको दूरी हटाउनुपर्ने, बीमितले आफै सेवा छान्न पाउने अवस्था सिर्जना गर्नुपर्ने र Merit and Performance Pricing मा जानुपर्ने बताउनुभयो ।

कार्यक्रमको छलफल सत्रमा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले पुनर्बीमा वापत धेरै रकम विदेशिने गरेकाले त्यसलाई स्वदेशमा नै राख्ने तर्फ ध्यान दिनुपर्ने र सम्पत्ति कर तिर्दा तथा नक्सा पास गर्दा नै बीमालाई अनिवार्य गर्न नयाँ संस्कार बसाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशील देव सुवेदीले नेपाली परिप्रेक्ष्यमा निर्जीवन बीमाका चुनौतीहरु सम्बन्धी सत्रमा र निर्देशक पुजन ढुङ्गेल (अधिकारी)ले नेपाली समाज तथा अर्थतन्त्रमा निर्जीवन बीमाको प्रभाव सम्बन्धी सत्रमा सहभागी हुनुभई विषयगत जानकारी दिनुका साथै विभिन्न प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लाल, जीवन बीमक सङ्घ नेपाल र नेपाल बीमक सङ्घका पदाधिकारी, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत पदाधिकारीहरु, बीमा विज्ञ र विभिन्न संचार माध्यममा कार्यरत संचारकर्मीहरूको सहभागिता रहेको

## शपथग्रहण कार्यक्रम

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका अध्यक्ष गौरव अग्रवाललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

अध्यक्ष सिलवालले नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०८० साल साउन २१ गते शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिका अध्यक्ष अग्रवाललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडका अध्यक्षलाई शपथ ग्रहण गराउनुहुँदै ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल र शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डे उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडका अध्यक्ष निकोलस पाण्डेलाई यही २०८० साद भदौ १३ गते पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

त्यस अवसरमा अध्यक्ष सिलवालले कम्पनीलाई तोकिएको प्रदेशमा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका अध्यक्षलाई शपथ गराउनुहुँदै ।

उपस्थिति देखिने गरी काम गर्न बीमकका पदाधिकारीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल तथा निर्देशक दिनेश कुमार लाल र लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत राम कुमार यादव उपस्थित हुनुहुन्थ्यो ।

# बीमकहरुले GDP मा बीमा क्षेत्रको योगदान बढ्नेगरी लगानी गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्राधिकरणले जारी गरेका निर्देशिकाहरु पालना गर्नु बीमा कम्पनीहरुको कर्तव्य मात्र नभई दायित्व समेत भएको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणबाट यही २०८० साल भदौ १ गते काठमाडौंमा आयोजित निर्जीवन बीमा कम्पनीहरुसँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरणले बीमा कम्पनीहरुका सुझाव, तथ्याङ्कहरुको विश्लेषण र अन्तर्राष्ट्रिय अभ्यासहरु समेतका आधारमा देशको आवश्यकता अनुरुप लगानी निर्देशिका जारी गरेको हो, यो समग्र बीमा कम्पनीको हितमा छ, निर्देशिकाले संसारमा चलेका लगानीका क्षेत्र खुला गरेको छ, अब बीमा कम्पनीहरुले बैङ्कमा मात्र रकम जम्मा नगरेर लगानीका क्षेत्रको अध्ययन गरी लगानी विविधीकरण गर्नुपर्छ ।"

लगानी निर्देशिकाले बीमा कम्पनीहरुलाई लगानी गर्न कुनै अप्ठ्यारो नपारेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरुको संरक्षण र विकास गर्न प्राधिकरण सजग छ, कम्पनीहरु पनि सोही अनुसार अगाडि बढ्नुपर्छ, प्राधिकरणले बीमा व्यवसाय गर्ने वातावरण तयार गरेको छ, त्यसमा बसेर तोकिएको मापदण्ड बमोजिम कम्पनीहरुले काम गर्नुपर्छ, घर तथा सम्पत्ति बीमालाई प्रोत्साहित गर्न सामूहिकरुपमा पहल गर्नुपर्छ ।"

अध्यक्ष सिलवालले संस्थागत सुशासनलाई अझ सशक्त बनाउन, समस्याहरु दोहोरिन नदिन, जोखिमको प्रतिवद्धतालाई तल माथि पर्न नदिन, कूल गार्हस्थ उत्पादन (GDP) मा योगदान बढ्ने गरी लगानी गर्न, बजार विश्लेषण गरेर शाखा खोल्न, अत्याधुनिक सफ्टवेयरमा लगानी गर्न र साना बीमा दाबी प्रदेश कार्यालयबाट भुक्तानी दिनेगरी अधिकार प्रत्यायोजन गर्न बीमा कम्पनीहरुलाई निर्देशन दिनुभयो ।

कानूनका दृष्टिले प्रश्न उठ्ने गरी कुनै काम नगर्न बीमा कम्पनीहरुलाई निर्देशन दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "मर्जरमा गएका बीमा कम्पनीहरुलाई दिने सुविधा, कोरोना बीमाको बाँकी दाबी भुक्तानी र कृषि बीमा अनुदानका बारेमा सम्बन्धित मन्त्रालयमा पहल भइरहेको छ ।"

बीमा कम्पनीहरुले एउटै समस्या पटक पटक दोहोऱ्याएमा, अस्वस्थ प्रतिस्पर्धा जारी राखेमा र प्रचलित कानून उल्लङ्घन गरेमा कारवाहीको विकल्प नहुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा कम्पनीहरु १० वर्षसम्ममा पनि न्यून आय भएका वर्ग एवम् सीमान्तकृत समुदायमा नपुगेकाले त्यसको जिम्मेवारी लघुबीमा कम्पनीहरुलाई दिनुपरेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा कम्पनीहरुको स्थलगत निरीक्षणबाट देखिएका समस्याहरुको समाधानका लागि सहजीकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशकहरू र कार्यक्रमका सहभागीहरू ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

कार्यकारी निर्देशक पौडेलले गत आर्थिक वर्षमा सुशासन, स्वस्थ प्रतिस्पर्धा, उधारो बीमा नियन्त्रण, कृषि बीमा, लगानी विविधीकरण लगायतमा केही सुधारहरु देखिए पनि अझै समस्याहरु रहेको स्थलगत निरीक्षणबाट देखिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशील देव सुवेदीले निर्जीवन बीमा व्यवसाय संचालनमा देखिएका समस्याहरु सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

यसैगरी, नेपाल बीमक संघका उपाध्यक्ष वीरेन्द्र बैदवारले निर्जीवन बीमा कम्पनीका विद्यमान चुनौतीहरु सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी), नेपाल बीमक सङ्घका पदाधिकारी, निर्जीवन बीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत र पुनर्बीमा कम्पनीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# बीमकहरूले बजारको अध्ययन विश्लेषण गरी लगानी विविधीकरण गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमितको हित रक्षा हुनेगरी विधिपूर्वक कर्तव्य निर्वाह गर्न जीवन बीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणबाट जीवन बीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूसँग यही २०८० साल भदौ ८ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा व्यवसायलाई विस्तार गर्न र बीमा गरेपछि दाबी भुक्तानी पाइन्छ भन्नेमा बीमितहरू ढुक्क हुने वातावरण बनाउन कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले यो वर्ष सुधारको वर्ष भएकाले समस्याहरू आउन नदिन, विगतका समस्याहरू दोहोरिन नदिन र सङ्ख्यात्मक भन्दा गुणात्मक पक्षलाई ध्यान दिई कार्य गर्न निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीका संचालक समितिहरूले कम्पनीमा नीति, विधि र रणनीतिको पालनामा के भइरहेको छ भन्नेमा नियमितरूपमा जानकारी राख्नुपर्छ, व्यवस्थापनसँग निरन्तर संवाद गर्नुपर्छ, व्यवस्थापनबाट कमी कमजोरी भएको छ छैन भन्ने हेर्नुपर्छ, व्यवस्थापनबाट तोकिएको जिम्मेवारी पूरा भएको छ छैन भन्ने बारेमा जानकारी राख्नुपर्छ ।"

प्राधिकरणले जारी गरेको लगानी निर्देशिका बमोजिम तोकिएको अवधिभित्र लगानी विविधीकरण गर्न बीमा कम्पनीहरूलाई पुनः निर्देशन दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरणले जोखिम कम गर्न लगानी विविधीकरण गर्न भनेको हो, बजारमा लगानी गर्ने अन्य संस्थाले मुनाफा प्राप्त गर्ने तर बीमा कम्पनीको लगानीबाट मुनाफा नपाउने भन्ने हुँदैन, बीमा कम्पनीहरूले बजारको अध्ययन विश्लेषण गरी विभिन्न क्षेत्रमा लगानी गर्नुपर्छ, लगानीकर्ताहरूलाई मुनाफा दिन र कम्पनीमा लगानी टिकाइराख्न पनि रामो प्रतिफल प्राप्त हुनेगरी कम्पनीहरूले लगानी विविधीकरण गर्नुपर्छ ।"

कतिपय बीमा कम्पनीहरूमा मर्जरपछि पनि समस्याहरू देखिएको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले कम्पनीहरूलाई फराकिलो हुन र कर्मचारीहरूसँग सम्बन्धित समस्याहरू आफै समाधान गर्न सुझाव दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूले बैङ्क र बीमाबीचको फरक बुझाउन सक्नुपर्छ, बैङ्कले बचत गर्छ तर बीमाले जोखिम समेत बहन गर्छ भन्ने कुरा सबैलाई बुझाउन सक्नुर्छ, बैङ्क मार्फत बीमा गराउने कम्पनीले बैङ्कले गर्ने बीमासम्बन्धी विज्ञापनमा अनिवार्यरूपमा कम्पनीको नाम राख्न लगाउनुपर्छ, कम्पनीहरूको सुशासनमा देखिएका कमजोरी हटाउनुपर्छ ।"

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले समस्याहरू दोहोऱ्याई रहे, अस्वस्थ प्रतिस्पर्धा जारी राखे र कानून, नीति, नियम र निर्देशिकाहरू पालना नगरे कानून बमोजिम कारवाही गर्न प्राधिकरण बाध्य हुने र अबको कारवाही कडा हुने उल्लेख गर्नुहुँदै कारवाहीको अवस्था आउन नदिने गरी काम गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा कम्पनीहरूले सुशासनमा देखिएका समस्या समाधान गर्न, बढ्दै गएको सरेण्डरलाई कम गर्न, वित्तीय जोखिमाङ्कन र मेडिकल जोखिमाङ्कनमा देखिएका समस्या समाधान गर्न र डिजिटलाइज्डरूपमा दाबी भुक्तानी दिने व्यवस्था गर्न ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमा व्यवसायमा नयाँ प्रविधि भित्र्याउन, बजार अनुसन्धान गरी नयाँ नयाँ बीमालेख ल्याउन र सबै मिलेर उन्नतरूपमा सुशासनका साथ कम्पनीलाई अगाडि बढाउन निर्देशन दिनुभयो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशकहरू र कार्यक्रमका सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी)ले जीवन बीमा व्यवसायमा देखिएका समस्याहरू सम्बन्धी प्रस्तुती गर्नुहुँदै बीमा कम्पनीहरूको वित्तीय र मेडिकल जोखिमाङ्कन कमजोर रहेको, बजार अनुसन्धान गरी बीमालेख नल्याइएको, प्रवर्द्धनात्मक कार्यमा लगानी नभएको, कर्मचारीहरूको तालिम र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पर्याप्त लगानी नभएको, दाबी भुक्तानी मार्गदर्शन कार्यान्वयनमा नआएको लगायतका समस्याहरू बीमा कम्पनीहरूको स्थलगत अनुगमनबाट देखिएको जानकारी दिनुभयो ।

कार्यक्रममा जीवन बीमक सङ्घका अध्यक्ष पोषक राज पौडेलले जीवन बीमा क्षेत्रका अवसर र चुनौतीहरू सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मी, जीवन बीमक सङ्घका पदाधिकारी, जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## इजाजतपत्र नलिई बीमा प्रकृतिका व्यवसाय संचालन गर्न नहुनेबारे ध्यानाकर्षण

### कानूनी प्रावधान विपरित बीमा व्यवसायसँग सम्बन्धित कारोवार गरे दण्ड दरिवाना हुने

नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र नलिई बीमा, पुनर्बीमा, बीमाकोष जस्ता जुनसुकै शब्द प्रयोग गरी वा नगरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बीमा व्यवसाय सम्बन्धी कुनै पनि कारोवार, व्यवसाय, उद्योग वा व्यापार नगर्न नगराउन सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ । प्राधिकरणले गत साउन महिनामा एक सूचना जारी गरी त्यस्तो ध्यानाकर्षण गराएको हो ।

"बीमा ऐन, २०७९ को दफा २४ अनुसार नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र नलिई कसैले पनि बीमा, पुनर्बीमा, बीमाकोष जस्ता जुनसुकै शब्द प्रयोग गरी वा नगरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बीमा व्यवसाय सम्बन्धी कुनैपनि कारोवार, व्यवसाय, उद्योग वा व्यापार गर्न वा गराउन हुँदैन भन्ने र सोही ऐनको दफा १५३ अनुसार बीमक बाहेक अन्य कसैसँग बीमा व्यवसाय सम्बन्धी कारोवार गर्न नहुने कानूनी व्यवस्था सबैमा जानकारी नै छ" प्राधिकरणबाट जारी सूचनामा उल्लेख छ ।

बीमा ऐन, २०७९ मा उल्लेखित कानूनी प्रावधान विपरित हुनेगरी बीमक बाहेकका सङ्गठित संस्थाहरूले बीमा व्यवसायसँग सम्बन्धित कारोवारहरु गरेको देखिएको हुंदा त्यस्तो कार्य सोही ऐनको दफा १४० को उपदफा (१) को खण्ड (क) बमोजिमको बीमा कसूर मानिने र दफा १४१ को उपदफा (१) बमोजिम दण्ड जरिवाना हुनसक्नेतर्फ सम्बन्धित सबैलाई सूचना मार्फत प्राधिकरणले सम्बन्धित सबैलाई सचेत गराएको छ ।

बीमा ऐन, २०७९ मा भएको व्यवस्था विपरित हुनेगरी कसैले पनि बीमा व्यवसाय सम्बन्धी कारोवार, व्यवसाय, व्यापार वा उद्योग गर्न वा अन्य कुनै प्रयोजनका लागि आफ्नो कम्पनी, फर्म वा संस्थाको नाममा बीमा, पुनर्बीमा, बीमाकोष जस्ता शब्दहरु प्रयोग नगर्न तथा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमक बाहेक अन्य कुनै कम्पनी, फर्म वा संस्थासँग बीमा सम्बन्धी कारोवार वा बीमा व्यवसाय नगर्न नगराउन सम्बन्धित सबैलाई सूचना मार्फत ध्यानाकर्षण गराएको छ ।

## कर्णाली प्रदेशस्थित बीमकका प्रदेश कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया

### बीमाप्रतिको विश्वसनीयता बढाउन बीमकहरू आफै सचेत हुनुपर्छ : कार्यकारी निर्देशक पौडेल

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीमा सहजता ल्याउन र उधारो बीमा नगर्न बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयबाट यही २०८० साल साउन १० गते सुर्खेतमा आयोजित बीमकका प्रदेश कार्यालयका प्रमुखहरूसँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यकारी निर्देशक पौडेलले बीमाप्रतिको विश्वसनीयता बढाउन बीमकहरु आफै सचेत हुनुपर्ने बताउनुभयो ।

बीमा ऐन, बीमा नियमावली र प्राधिकरणबाट जारी निर्देशिकाहरु विपरित कार्य गर्ने बीमकहरूमाथि प्राधिकरणका प्रदेश कार्यालयहरूले समेत कारवाही गर्ने अधिकार रहेको उल्लेख गर्नुहुँदै कार्यकारी निर्देशक पौडेलले नियम कानून अक्षरशः पालना गर्न, सुशासन कायम गर्न र स्वस्थ प्रतिस्पर्धा गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा कर्णाली प्रदेशमा बीमाको विद्यमान अवस्था, समस्या एवम् चुनौतीहरु तथा तिनको समाधानका उपायहरूका सम्बन्धमा छलफल भएको थियो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजु रमण पौडेल, प्राधिकरणको कर्णाली प्रदेश कार्यालय प्रमुख पदम प्रसाद सोडारी र कार्यक्रमका सहभागीहरु ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेशका प्रमुख पदम प्रसाद सोडारी र कर्णाली प्रदेशस्थित बीमा कम्पनीहरूका प्रदेश कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## नीति तथा कार्यक्रममा बीमालाई समावेश गरेर अगाडि बढ्ने गाउँपालिका अध्यक्षको प्रतिवद्धता



देवानग्रञ्ज गाउँपालिकामा आयोजित कार्यक्रमका सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल भदौ २५ गते सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकामा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि देवानगञ्ज गाउँपालिकाका अध्यक्ष बेचन प्रसाद मेहताले गाउँपालिकामा बीमाको विकास एवम् विस्तारका लागि नीति तथा कार्यक्रममा बीमालाई समावेश गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले कृषकहरूलाई लाभ पुग्नेगरी योजनामा बीमालाई समावेश गर्ने र विपन्न बर्गलाई बीमाको दायरामा ल्याउनका लागि आवश्यक व्यवस्था गर्ने जानकारी दिनुहुँदै बीमा दाबी गर्दा बिचौलियाको भर नपरी बीमित स्वयम्ले नै दाबी गर्नुपर्ने बताउनुभयो ।

देवानगञ्ज गाउँपालिकाका उपाध्यक्ष कुमारी बिभा यादवले बीमाको महत्वका बारेमा सबैलाई जानकारी दिन सामूहिकरुपमा लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमाको परिचय, आवश्यकता र महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था, र बीमाको विकास एवम् विस्तारमा स्थानीय सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा देवानगञ्ज गाउँपालिकाका वडा अध्यक्ष, सदस्य तथा कर्मचारी, बीमा कम्पनीका प्रदेश कार्यालय र शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधि, लघु जीवन बीमा कम्पनीका प्रतिनिधि, अगुवा कृषक र संचाकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

## बीमकका प्रदेश कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल साउन ३० गते विराटनगरमा कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूसँग गत आर्थिक वर्षको कार्यको समीक्षा र चालू आर्थिक वर्षका कार्यक्रम सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरूलाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाउन चाल्नुपर्ने कदम, बीमा दाबीमा देखिएका समस्या, बीमकका कर्मचारी तथा बीमा अभिकर्ताको नैतिक आचरण, बीमा सम्बन्धी जनचेनामूलक कार्यक्रम, बीमकको सामाजिक उत्तरदायित्व, बीमकका कर्मचारीका लागि तालिम र विद्यमान बीमा बजारको अवस्था लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेल र कोशी प्रदेशस्थित जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र लघुबीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।

## कोशी प्रदेशस्थित बीमा कम्पनीहरुको स्थलगत निरीक्षण

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयले यही २०८० साल भदौमा कोशी प्रदेशका झापा, सुनसरी, इटहरी र विराटनगर स्थित जीवन तथा निर्जीवन बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयहरूको स्थलगत निरीक्षण गरेको छ ।

त्यसक्रममा बीमकको साइनबोर्ड, भौतिक संरचना, मानव संशाधन, जोखिमाङ्कन, दाबी, लेखा तथा वित्त अवस्था लगायतका विषयमा जानकारी लिइएको थियो ।

यसैगरी, बीमा ऐन, बीमा नियमावली, प्राधिकरणबाट जारी निर्देशिका, मार्गदर्शन, निर्देशन र परिपत्र लगायतको पालनाको स्थितिका बारेमा समेत जानकारी लिइएको थियो ।

## विराटनगरमा बीमा सर्भेयरहरुसँग अन्तरक्रिया

### बीमकहरूले सुचिकृत सर्भेयरलाई दाबी मूल्याङ्कन कार्यमा खटाउने नगरेको गुनासो

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल भदौ १० गते विराटनरमा बीमा सर्भेयरहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा सर्भेयरहरूले क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा स्थानीय बीमा सर्भेयरलाई प्राथमिकता दिइएमा समयमा नै सर्भे प्रतिवेदन प्राप्त भई दावी भुक्तानी सहज हुने र सर्भेयरहरूको पनि हित संरक्षण हुने धारणा राखेका थिए ।

यसैगरी, बीमा सर्भेयरको सङ्ख्या आवश्यकता भन्दा कम रहेको, बीमकहरूले नयाँ सर्भेयरलाई सूचिकृत नगरेको, सुचिकृत सर्भेयरलाई दाबी मूल्याङ्कन कार्यमा खटाउने नगरेको, बीमकहरूले स्थानीयस्तरमा क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा स्थानीय सर्भेयरलाई प्राथमिकता नदिई केन्द्रबाट नै खटाउने गरेका कारण स्थानीय सर्भेयरलाई काम पाउन मुश्किल हुने गरेको लगायतका गुनासाहरु सर्भेयरहरूले व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेल र कोशी प्रदेश कार्यक्षेत्र भएका सर्भेयरहरूको सहभागिता रहेको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही भदौ १० गते नै विराटनगरमा कोशी प्रदेश यातायात व्यवसायी राष्ट्रिय महासङ्घका प्रतिनिधिहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम भएको थियो ।

## मधेश प्रदेशका स्थानीय तहमा बीमा सम्बन्धी अन्तरक्रिया

### बीमा गर्दा खुशी हुने तर दाबी भुक्तानी दिनेबेलामा भने वास्ता नगर्ने गरेको गुनासो

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल साउन २३ गते पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिकामा र साउन २९ गते सर्लाही जिल्लाको पर्सा गाउँपालिकामा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**पटेर्वा सुगौली गाउँपालिका**मा आयोजित कार्यक्रममा प्रमुख अतिथि पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेश कुमार चौधरीले सम्पत्ति जोड्न भन्दा जोगाउन गाह्रो हुने उल्लेख गर्नुहुँदै घर तथा सम्पत्तिको सुरक्षणका लागि बीमा गर्न सबैसँग आग्रह गर्नुभयो ।

गाउँपालिकाका उपाध्यक्ष ममता महतोले बीमाबाट कठिन समयमा राहत प्राप्त हुने भएकाले सबैले आफ्नो क्षमता र आवश्यकता अनुसार बीमा गर्नुपर्ने बताउनुभयो । उहाँले गाउँपालिकाले बीमालाई प्राथमिकतामा राखेको जानकारी दिनुभयो ।





पटेर्वा सुगौली गाउँपालिकामा आयोजित कार्यक्रमका सहभागीहरू ।

यसैगरी, **पर्सा गाउँपालिका**मा भएको बीमा सचेतना कार्यक्रममा प्रमुख अतिथि पर्सा गाउँपालिकाका उपाध्यक्ष नुतन देवीले बीमाका बारेमा सबैलाई जानकारी दिनका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा गर्ने विधि, दाबी प्रक्रिया, बीमाशुल्क, कृषि तथा पशुपन्छी बीमा अनुदान, दाबी भुक्तानी लगायतका विषयमा जिज्ञासाहरु राख्नुभएको थियो । साथै, उहाँहरूले बीमा गर्दा खुशी हुने तर दाबी भुक्तानी दिनेबेलामा भने वास्ता नगर्ने गरेको र दुर्घटना भएको अवस्थामा बीमा कम्पनीले समयमैं बीमा सर्भेयर नपठाउने गरेको लगायतका गुनासाहरु राख्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले स्थानीय तहका सेवासँग बीमालाई आवद्ध गरेर न्यून आय भएका बर्ग लगायत सबैलाई बीमाको दायरामा ल्याउन आग्रह गर्नुभयो ।

# बीमा क्षेत्रको मुलभूत सुचाकाङ्कहरू




| | विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| कुल बीमाशुल्क संकलन | जीवन बीमा | रु. १ खर्ब ३८ अर्ब ६४ करोड | रु. १ खर्ब ४२ अर्ब ५७ करोड | २.८४ |
| | निर्जीवन बीमा | रु. ३९ अर्ब १७ करोड | रु. ४० अर्ब ३४ करोड | २.९८ |
| | **जम्मा** | **रु. १ खर्ब ७७ अर्ब ८१ करोड** | **रु. १ खर्ब ८२ अर्ब ९१ करोड** | २.८७ |
| जीवन बीमाको दायरामा आएको जनसंख्या प्रतिशत | वैदेशिक रोजगार बीमा बाहेक | ३८.४४ % | ३९.०३ % | ↗ |
| | वैदेशिक रोजगार बीमा सहित | ४१.३९ % | ४४.३८ % | ↗ |
| कुल ग्राहस्थ उत्पादनमा कुल बीमाशुल्कको अनुपात | जीवन बीमा | २.८१ % | २.६५ % | ↙ |
| | निर्जीवन बीमा | ०.७९ % | ०.७५ % | ↙ |
| | **जम्मा** | ३.६० % | ३.४० % | ↙ |
| बीमा घनत्व | जीवन बीमा | रु. ४,५९४.८३ प्रतिव्यक्ति | रु. ४,६८३.२६ प्रतिव्यक्ति | १.९२ |
| | निर्जीवन बीमा | रु. १,२९८.१७ प्रतिव्यक्ति | रु. १,३२५.०१ प्रतिव्यक्ति | २.०७ |
| | **जम्मा** | **रु. ५,८९२.९९ प्रतिव्यक्ति** | **रु. ६,००८.२७ प्रतिव्यक्ति** | १.९६ |
| कुल लगानी | जीवन बीमा | रु. ४ खर्ब ७३ अर्ब १६ करोड | रु. ५ खर्ब ६९ अर्ब १६ करोड | २०.२९ |
| | निर्जीवन बीमा | रु. ५४ अर्ब २० करोड | रु. ५९ अर्ब ७९ करोड | १०.३२ |
| | **जम्मा** | **रु. ५ खर्ब २७ अर्ब ३७ करोड** | **रु. ६ खर्ब २८ अर्ब ९६ करोड** | १९.२६ |
| जीवन बीमा दाबी | कुल दाबी भुक्तानी संख्या | २४०,९६८ | २५४,७९८ | ५.७४ |
| | कुल दाबी भुक्तानी रकम | रु. ५२ अर्ब ५४ करोड | रु. ५८ अर्ब ९८ करोड | १२.२५ |
| निर्जीवन बीमा दाबी | कुल दाबी भुक्तानी संख्या | १४७,५१९ | १६२,५२४ | १०.१७ |
| | कुल दाबी भुक्तानी रकम | रु. १९ अर्ब ७ करोड | रु. २३ अर्ब ५२ करोड | २३.५२ |
| | बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी | १२,०३१ जना | ११,४९६ जना | -४.४५ |
| | बीमा अभिकर्ता संख्या | २९६,४०३ | २७७,६२६ | -६.३३ |
| | बीमा सर्भेयर | १,२४० जना | १,२१७ जना | -१.८५ |
| चुक्ता पूँजी | जीवन बीमा | रु. ४३ अर्ब ८९ करोड | रु. ५२ अर्ब १६ करोड | १८.८४ |
| | निर्जीवन बीमा | रु. २२ अर्ब ८० करोड | रु. २६ अर्ब ६ करोड | १४.२८ |


*नोटः बीमकहरुबाट आ.व. २०७९/८० को असार मसान्तसम्ममा संकलित तथ्याङ्कको आधारमा तयार गरिएको ।*


नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY


# वार्षिक समिक्षा


*(आ.व. २०७९/८०)*


## १. जीवन बीमा सम्बन्धी विवरण:




















## २. निर्जीवन बीमा सम्बन्धी विवरण:




नोट: बीमकहरुबाट आ.व. २०७९/८० असारमसान्तसम्मको मासिक र चौथो त्रैमासिकसम्मको वित्तिय विवरणबाट संकलित तथ्यांकको आधारमा तयार गरिएको।

तथ्यांक विश्लेषक: बसन्त प्रसाद बोहरा
(तथ्याङ्कशास्त्री)

## बीमकहरुले सम्पत्तिको वास्तविक मूल्य भन्दा धेरै कम मूल्याङ्कन गर्ने गरेको गुनासा



देवघाट गाउँपालिकामा आयोजित कार्यक्रमका सहभागीहरु ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल साउनमा तनहुँ जिल्लाको म्याग्दे गाउँपालिकामा र भदौ महिनामा गोरखा जिल्लाका सिरानचोक गाउँपालिका तथा अजिरकोट गाउँपालिका र तनहुँ जिल्लाको देवघाट गाउँपालिकामा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् ।

यही **२०८० साल साउन २१ गते तनहुँ जिल्लाको म्याग्दे गाउँपालिका**मा आयोजित कार्यक्रममा प्रमुख अतिथि म्याग्दे गाउँपालिकाका अध्यक्ष श्री प्रसाद श्रेष्ठले बीमितले बीमा दाबी भुक्तानी समयमा नपाउँदा बीमाप्रतिको विश्वासमा कमी आएको विचार व्यक्त गर्नुभयो । साथै, उहाँले कृषकहरूले कृषि तथा पशुपन्छी बीमा सहजरूपमा गर्न नपाएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले पशुबीमा गर्दा पशुको मूल्य निर्धारण प्रक्रिया पारदर्शी र यथार्थपरक नरहेको, बीमा कम्पनीहरूले बाली बीमा गर्न नमानेको, बीमा गर्ने समयमा महामारी नरहेको तर बीमा गरेपश्चात् आएको महामारीले पुऱ्याएको क्षतिको न्यूनीकरण बीमाबाट हुने व्यवस्था गर्नु जरुरी रहेको लगायतका धारणा राख्नुभएको थियो ।

यसैगरी, **२०८० साल भदौ ११ गते गोरखा जिल्लाको सिरानचोक गाउँपालिका**मा सिरानचोक गाउँपालिकाका अध्यक्ष ज्ञानेन्द्र गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूको सेवा गुणस्तरीय नभएको, बीमा दावी प्रक्रिया झण्झटिलो रहेको लगायतका गुनासाहरु राख्नुभएको थियो ।

**भदौ १२ गोरखा जिल्लाकै अजिरकोट गाउँपालिका**मा अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहभागीहरूले बीमा शिक्षालाई व्यापकरूपमा विस्तार गर्नुपर्ने र कृषक समूह तथा सहकारी मार्फत समेत बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

**भदौ १७ गते तनहुँ जिल्लाको देवघाट गाउँपालिका**मा आयोजित कार्यक्रममा देवघाट गाउँपालिकाका अध्यक्ष तिल बहादुर थापाले कृषि बीमालाई प्रभावकारीरूपले अगाडि बढाउनका लागि बीमा अभिकर्ता र कृषि प्राविधिकहरूको कमी रहेको बताउनुभयो ।

कार्यक्रममा बीमा कम्पनीहरूले सम्पत्तिको वास्तविक मूल्यभन्दा धेरै कम मूल्याङ्कन गर्ने र समयमा दाबी भुक्तानी समेत नदिने गरेका कारण सम्पत्ति बीमाप्रतिको आकर्षण घट्दै गएको, बीमा दाबी प्रक्रिया झण्झटिलो एवम् धेरै लामो हुने गरेका कारण कृषकहरु बीमा गर्न उत्साहित नदेखिएका र बीमा सम्बन्धी जानकारीको कमी रहेको लगायतका धारणा राख्नु भएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालको अध्यक्षतामा भएको कार्यक्रममा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष, सदस्य र कर्मचारी, कृषक समूह तथा तथा सहकारी संस्थाका सदस्य, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशमा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया

### बीमा दाबी भुक्तानी पहुँचवालाका लागि मात्र सहज भएको बीमितहरूको गुनासो

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल साउन र भदौमा लुम्बिनी प्रदेशका कपिलवस्तु जिल्लाका वाणगङ्गा नगरपालिका र बुद्धभूमि नगरपालिका तथा नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिकामा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिएका छन् ।

**कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिका**मा यही २०८० साल साउन २३ गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि वाणगङ्गा नगरपालिकाका प्रमुख चक्रपाणी अर्यालले कृषि बीमाशुल्कमा सरकारले दिने ८० प्रतिशत अनुदान बाहेक थप १० प्रतिशत अनुदानको व्यवस्था गरिएको जानकारी दिनुहुँदै आगामी दिनमा नेपाल बीमा प्राधिकरणको सहयोगमा बीमा सम्बन्धी नीति तर्जुमा गरी लागू गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले गाई र भैंसीको बीमांक रकम निर्धारण गर्दा बजार मूल्यभन्दा धेरै कम गर्ने गरेको, दाबी भुक्तानी पाउन प्रक्रियागत झन्झट व्यहोर्नु परेको, बीमाको पहुँच बढाउनका लागि बीमा कम्पनीहरूको शाखा विस्तार गर्नु आवश्यक रहेको लगायतका धारणा राख्नु भएको थियो ।

**कपिलवस्तु जिल्लाकै बुद्धभूमि नगरपालिका**मा यही साउन २४ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि बुद्धभूमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव प्रसाद नेपालले बीमाको पहुँच विस्तारका लागि नगरपालिकाले ठोस नीतिगत व्यवस्था गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानी पहुँचवालाका लागि मात्र सहज भएको, आगलागीबाट मरेका बाखाको बीमा दाबी भुक्तानी नपाएको, धान, कुखुरा र बाखाको बीमा गर्न बीमा कम्पनीहरूले नमानेको, व्यवसायिक खेती नभएका बालीको बीमामा समस्या देखिएको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

**नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका**मा यही भदौ १२ गते भएको बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजु प्रसाद गुप्ता (दिपक) ले बीमाको विकास एवम् विस्तारका लागि गाउँपालिका, नेपाल बीमा प्राधिकरण, बीमा कम्पनी लगायत सम्बद्ध सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।



पाल्हीनन्दन गाउँपालिकामा आयोजित कार्यक्रमका सहभागिहरू

कार्यक्रममा सहभागीहरूले बीमा गर्न सजिलो तर दाबी भुक्तानी पाउन निकै गाह्रो रहेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, बीमा अभिकर्ताहरूले गलत सूचना दिएर बीमालेख बिक्री गर्ने गरेको, बीमाका बारेमा जानकारी नपाएको लगायतका धारणा राख्नु भएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पुर्णबहादुर थापाले बीमा सम्बन्धी समग्र विषय समेटेएिको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष तथा सदस्य र कर्मचारी, बीमा कम्पनीका प्रतिनिधि र बुद्धिजीवीहरु लगायतको सहभागिता रहेको थियो ।

## बीमकका कर्मचारीहरुका लागि तालिम

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको समन्वय एवम् इन्स्योरेन्स इन्स्टिच्यूट नेपालको आयोजनामा बुटवलमा बीमा कम्पनीका कर्मचारीहरूका लागि जोखिमाङ्कन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

यही २०८० साल भदौ ८ र ९ गते आयोजित तालिममा बीमा कम्पनीका प्रदेश तथा जिल्ला कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

यसैगरी, प्राधिकरणको प्रदेश कार्यालयले यही भदौ महिनामा विभिन्न बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयहरूको स्थलगत निरीक्षण गरेको छ ।

## कर्णाली प्रदेश सरकार समक्ष प्रतिवेदन पेश

### बीमा सम्बन्धी कानून तर्जुमा कार्यलाई अगाडि बढाइएको प्रदेश सरकारबाट जानकारी

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयले कर्णाली प्रदेश सरकार समक्ष आर्थिक वर्ष २०७९/८० मा कार्यालयले सम्पादन गरेका गतिविधिहरु समेटिएको प्रतिवेदन पेश गरेको छ ।

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री वेदराज सिंह समक्ष प्राधिकरणका कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले यही २०८० साल साउन ३१ गते प्रतिवेदन पेश गर्नुभएको हो ।

प्रतिवेदनमा गत आर्थिक वर्ष २०७९/८० मा कार्यालयबाट गरिएका स्थलगत निरीक्षणको विवरण, स्थलगत निरीक्षणमा देखिएका प्रमुख कैफियतहरु, बीमा सम्बन्धी उजुरी तथा गुनासोको अवस्था, बीमा सम्बन्धी अन्तरक्रिया, बीमा सम्बन्धी समस्या र समाधानका उपाय, बीमाको विकास एवम् पहुँच विस्तारका लागि सुझावहरु लगायत समेटिएका छन् ।

प्रतिवेदन पेश पश्चात् आयोजित छलफल कार्यक्रममा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री वेदराज सिंहले बीमाको विकास एवम् विस्तारका लागि बीमा सम्बन्धी कानून तर्जुमाको कार्यलाई अगाडि बढाइएको जानकारी दिनुभयो ।

### बीमाको महत्व र आवश्यकता

- बीमाले निश्चित शर्तका आधारमा बीमकबाट पूरै वा आङ्शिक जोखिम बहन गरी भविष्यमा हुनसक्ने नोक्सानी विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- बीमाले जोखिलाई रक्षावरणको रुपमा लिने गर्दछ । अर्थात् जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने सरल माध्यम भनेको बीमा हो ।
- भविष्यमा हुनसक्ने विपत्ति र दुर्घटनाबाट जीवन तथा सम्पत्तिमा हुने क्षतिबाट सिर्जना हुने आर्थिक हानी नोक्सानीलाई बीमाले न्यूनीकरण गर्दछ ।
- बीमा व्यक्ति तथा परिवारको नाफादायक लगानी पनि हो । थोरै थोरै रकम बचत गरेर गरिएको बीमाको अवधि समाप्त भएपछि प्राप्त हुने एकमुष्ठ रकमबाट आर्थिक अभावलाई पूर्ति गर्न सकिन्छ ।
- लगानीकर्ता, उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्न, व्यवसायमा हुनसक्ने जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्न र वाणिज्य व्यापारको प्रवर्द्धन गर्न बीमा आवश्यक हुन्छ ।
- देशमा पूँजी निर्माण गर्न, रोजगारीका अवसर सिर्जना गर्न र विपन्नता कारण हुने सामाजिक विकृतिमा कमी ल्याउन समेत बीमाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## संचारकर्मीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

### कर्णाली प्रदेशमा बीमाको पहुँच बढाउन अभियान चलाउने प्रदेश सरकारको प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल साउन १९ गते सुर्खेतमा संचारकर्मीहरुसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री वेदराज सिंहले बीमाको पहुँच वृद्धिका लागि प्रदेश सरकारले अभियान चलाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले भौगोलिक कठिनता, गरीबी र जोखिमका दृष्टिले कर्णाली प्रदेशमा बीमाको महत्व धेरै भएको उल्लेख गर्नुहुँदै बीमाको पहुँच विस्तारका लागि सम्बद्ध सबै आपसी समन्वय एवम् सहकार्यका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल पत्रकार महासङ्घ, कर्णाली प्रदेशका अध्यक्ष देविराम देवकोटाले बीमा सम्बन्धी जानकारी र बीमितका समस्याहरुका बारेमा आम जनतालाई सुसूचित गर्न संचार क्षेत्र प्रतिवद्ध रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेशका कार्यालय प्रमुख पदम प्रसाद सोडारीले बीमा क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई नियन्त्रण गर्दै बीमितको हित रक्षाका लागि प्राधिकरण प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा संचारकर्मीहरुले बीमितले बीमालेख हराएमा पुनः प्रतिलिपि लिन सहज हुनेगरी प्राधिकरणले नीति ल्याउनुपर्ने, पहुँचका आधारमा गैरकानूनीरुपमा दाबी भुक्तानी दिने बीमा कम्पनीलाई कारवाहीको दायरामा ल्याउनुपर्ने, कृषि बीमा, मोटरबीमा, जीवन बीमालेखहरु लगायतमा देखिएका समस्याहरु समाधान गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, कर्णाली प्रदेश र जिल्लास्थित शाखाका पदाधिकारीहरु र विभिन्न संचारमाध्यममा कार्यरत संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

## सुदूरपश्चिम प्रदेशमा बीमा सम्बन्धी अन्तरक्रिया

### सुकुम्वासी तथा न्यूनआय भएका नागरिकको बीमा गर्ने कार्यक्रम ल्याउन आग्रह

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल भदौ १३ कैलाली जिल्लाको जोशीपुर गाउँपालिकामा र भदौ २७ गते कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिकामा बीमा सम्बन्धी जानरीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**कैलाली जिल्लाको जोशीपुर गाउँपालिका**मा भएको बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि जोशीपुर गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरीले बीमा मार्फत नागरिकको जोखिम न्यूनीकरणका लागि ठोस नीतिगत व्यवस्थाका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

जोशीपुर गाउँपालिकाका उपाध्यक्ष रेखादेवी कठरियाले महिला तथा पिछडिएका बर्गलाई बीमाको दायरामा ल्याउन र कृषि तथा पशुपन्छी बीमाको कार्यान्वयनलाई प्रभावकारी बनाउन पहल गर्ने बताउनुभयो ।

यसैगरी, **कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका**मा भएको कार्यक्रममा प्रमुख अतिथि पुनर्वास नगरपालिकाका प्रमुख तोय प्रसाद शर्माले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमा सम्बन्धी कार्यक्रम समेत समावेश गर्ने जानकारी दिनुभयो ।

पुनर्वास नगरपालिकाका उपप्रमुख भुलिया कुमारी रानाले नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालयको स्थापनाबाट नागरिकका बीमा सम्बन्धी समस्या समाधान गर्न सहज भएको बताउनुभयो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयश्वर पण्डितले बीमाका माध्यमबाट नागरिकको जीवन र सम्पत्तिको रक्षावरण गर्न ठोस नीतिगत व्यवस्थाका साथ स्थानीय सरकार अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरु सम्पर्कमा नआएका कारण




जोशीपुर गाउँपालिकामा आयोजित कार्यक्रमका सहभागीहरु ।

कृषि तथा पशुपन्छी बीमा गर्न नपाएको, दाबी भुक्तानी झन्झटिलो भएको, कृषि बीमा अनुदानका बारेमा जानकारी नपाएको लगायतका गुनासाहरु व्यक्त गर्नुभएको थियो ।

साथै उहाँहरूले जङ्गली हात्ती लगायतका वन्यजन्तुहरूबाट हुने क्षतिको रक्षावरण गर्न र सुकुम्वासी तथा न्यून आय भएका नागरिकको बीमा गर्ने बीमा सम्बन्धी कार्यक्रम ल्याउन स्थानीय सरकारसँग आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य र कर्मचारीहरु, उद्योगी व्यवसायी, कृषक, कृषि प्राविधिक, बीमा कम्पनीका शाखा प्रमुख र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

### बीमा दाबी फछ्र्यौट तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल साउन ३० गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा बीमा दाबी फछ्र्यौट तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम सम्पन्न भएको छ ।

तालिममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक विरोध भट्टले बीमा ऐन, २०७९ भएका व्यवस्था र बीमा दाबी भुक्तानीमा देखिएका समस्या तथा समाधानका लागि भएका प्रयासका बारेमा जानकारी दिनुभएको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयेश्वर पण्डितले बीमाका माध्यमबाट सम्पत्ति शुद्धीकरण हुन नदिनका लागि अपनाउनुपर्ने सतर्कताका बारेमा अवगत गराउनुभएको थियो ।

तालिममा महेन्द्रनगरस्थित बीमकका शाखा कार्यालयका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# नेपाल बीमा प्राधिकरणबाट २०८० श्रावण र भाद्र महिनामा भएका गतिविधिहरू

| क्र.सं. | शिर्षक | समग्रमा |
|---|---|---|
| १ | प्राधिकरणमा दर्ता भएका उजुरी संख्या | ४१ |
| २ | मध्यस्थता तथा मेलमिलाप संख्या | ३५ |
| ३ | प्राधिकरणबाट स्वीकृत बीमालेख संख्या | ५ |
| ४ | बीमा कम्पनीहरूलाई प्रदान गरेको शाखा स्वीकृति संख्या | १०० |
| ५ | बीमा अभिकर्ता दर्ता संख्या | २२,४०९ |
| ६ | बीमा कम्पनीहरूमा परेका दाबी संख्या | २८,७६३ |
| ७ | बीमा कम्पनीहरूमा परेको दाबी रकम (रू लाखमा) | ३७,९३८ |
| ८ | बीमा कम्पनीहरूबाट भुक्तानी भएको दाबी संख्या | ४८,९४१ |
| ९ | बीमा कम्पनीहरूबाट भुक्तानी भएको दाबी रकम (रू लाखमा) | ७५,३१७ |
| १० | बीमा कम्पनीहरूबाट भुक्तानी हुन बाँकी दाबी संख्या | १,००,७९८ |
| ११ | बीमा कम्पनीहरूबाट भुक्तानी हुन बाँकी दाबी रकम (रू लाखमा) | २६,२४० |
| १२ | बीमा कम्पनीहरूबाट जारी बीमालेख संख्या | १९,७६,७९४ |
| १३ | बीमा कम्पनीहरूबाट संकलन भएको कुल बीमाशुल्क (रू लाखमा) | ३,३१,०६३ |
| १४ | बीमा क्षेत्रको लगानी रकम (रू लाखमा) | ६२,८९,५५८ |
| १५ | बीमाको पहुँच | ४४% |

## बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फारममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई भर्नु पर्दछ ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमालेख खरीद गर्नु पर्दछ ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेखको अवधि समाप्त भएपछि प्राप्त हुने रकम जस्ता विषयमा बीमालेख खरीद गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फारम बीमित स्वयम्ले भर्नु पर्दछ । यदि बीमित निरक्षर वा प्रस्ताव फारम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फारम भर्नु पर्दछ ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नु पर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नवीकरण गर्नु पर्दछ ।
- बीमा सम्बन्धी प्रचलित नीति नियमहरु तथा कानूनका बारेमा जानकारी राख्नु पर्दछ ।
- बीमितले आफूले खरीद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरु सुरक्षित राख्नु पर्दछ ।
- हाल प्रविधिको विकाससँगै विभिन्न बैकिङ्ग प्रणाली तथा डिजिटल भुक्तानी पोर्टल मार्फत घरबाट नै बीमाशुल्क बुझाउन सकिने भएकाले त्यस सम्बन्धमा राम्रोसँग जानकारी लिएर मात्र भुक्तानी गर्नु पर्दछ ।
- बीमितले आफ्नो आवश्यकता र आम्दानीको स्रोतलाई ध्यानमा राखेर मात्र बीमा गर्नु पर्दछ । अन्यथा रकमको अभावमा तोकिएको समयावधिसम्म बीमालेखलाई नवीकरण गर्न नसकेर सरेण्डर गर्नुपर्ने अवस्था आउन सक्छ ।

# अन्तर्राष्ट्रिय समाचार

## 'Asia Insurance Industry Awards – 2023' finalists revealed




The finalists for the 27th 'Asia Insurance Industry Awards - 2023' have been revealed, with 50 of the region's top insurers, reinsurers, brokers, risk managers and service providers making the shortlist.

The awards are well known for their stringent criteria and transparent selection process, overseen by a panel of expert judges from across the insurance industry.

This year, the awards attracted almost 200 entries in 17 categories.

## IRDAI plans a series of initiatives to widen insurance services




The Insurance Regulatory and Development Authority of India (IRDAI) is planning to unveil several new measures, including 100% cashless claim settlement in health cover, long-term products, flexible insurance plans for old people and new niche players, to deepen the insurance market.

In a speech delivered at the Global Fintech Fest 2023 held in Mumbai, IRDAI chairman Debasish Panda said the regulator is working towards new means to enhance customer experience by bringing in 100% cashless claim settlement, according to local media reports.

He said, "The Councils – industry bodies Life Insurance Council and General Insurance Council — are playing a very prominent and active role in enabling common empanelment and interoperability with hospitals. This will make claim processing of health insurance seamless and frictionless for the policyholders."

Discussing new technological developments lined up for the InsurTech sector, Mr Panda said, "AI algorithms combined with machine learning models and predictive analysis will be leveraged to make underwriting an essential process in the insurance industry."

*Source: Asia Insurance Review*

## Private hospitals call for regulator to supervise health insurance reimbursements

The Association of Private Hospitals Malaysia (APHM) has called for the establishment of a regulatory body to govern reimbursements by health insurance companies.

APHM president Dr Kuljit Singh said private hospitals were concerned that these private payers could hamper the delivery of treatment and healthcare coverage to patients in attempting to lower healthcare costs, according to a report published by Free Malaysia Today.

Speaking at the opening on 5 September of the two-day 'Hospital Management Asia – 2023' conference attended by health minister Dr Zaliha Mustafa, Dr Singh said, "On the subject of private healthcare financing, our hope is there is a regulatory body that can govern the practice of reimbursement by the private payers."

"APHM is happy to work with the government, payers and our private hospital members to discuss this together to make healthcare costs viable for all parties," he added.